‘नारा हैन, काम गर, पर्यटन प्रवर्द्धन हुन्छ’ । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट ‘क’ वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१४, ● अंक-३४ ● २०७८ फागुन २३ गते सोमबार, ● 07 March 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहानगर : फेरि उत्कृष्ट

विकास संवाददाता
थाहानगर

आगामी आर्थिक वर्ष २०७९/०८० मा संघीय सरकारबाट तल्लो सरकारलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदानको प्रयोजनका लागि प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश र स्थानीय सरकारहरूको कार्यसम्पादन मूल्यांकन गरेको छ ।

आयोगले गरेको कार्यसम्पादन मूल्यांकन अनुसार थाहा नगरपालिका मकवानपुर जिल्लाकै उत्कृष्ट भएको छ । थाहाले आयोगको मुल्याङ्कनमा ७०.०८ अंक प्राप्त गरेको थाहा नगरपालिकाका स्थानीय तहको कार्य सम्पादन प्रगती अनलाइन रिपोटिङ फोकल पर्सन सुरज कुमार भुजेलले जानकारी दिए । आयोगले तोकेको सूचकमा पालिकाले राम्रो काम गरेको उनले प्रतिक्रिया दिए । उनले भने –'रिपोटिङमा गरे भन्दा कम अंक हो, अझ पुर्नमूल्याङकनका लागि प्रमाण पेश गर्छौं ।' आयोगले १८ फागुनमा कार्य सम्पादन मूल्याङ्कन सार्वजनिक गर्दै तथ्याङ्क र प्राप्ताङ्कमा परिमार्जन गर्न परे ठोस प्रमाण सहित ७ दिन भित्र कार्यविधि बमोजिम पुनरावलोकनका लागि पत्र पठाउन स्थानीय तहहरूलाई परिपत्र गरेको छ ।

पालिकाको प्रमुख तथा जनप्रतिनीधिहरूको सहयोगबाटे उपलब्धी हासिल गर्न सकिएको थाहानगरका प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले जानकारी दिए । पालिकाको वित्तिय सेवा प्रवाहलाई थप सुधार गर्दै लेजाने प्रशासकीय अधिकृत पुरीको प्रतिवद्धता छ । पालिकाको कार्य सम्पदन मूल्याङ्कनका प्रभावकारी रूपमा जिम्मेवार बहन गर्ने सबै जनप्रतिनीधि र कर्मचालाई नगर प्रमुख लवशेर विष्टले धन्यवाद दिएका छन् ।

आयोगको मुल्याङ्कन अनुसार सबैभन्दा कम प्राप्ताङ्क मनहरी गाउँपालिकाले पाएको छ । मनहरीले ४४.१३ अंक पाएको हो । त्यस्तै मकवानपुर गढी गाउँपालिकाले ६५.०७, बकैयाले ६१.८८, राक्सिराङले ६०, कैलाशले ५६.९९, भिमफेदीले ५६.४५, बागमतीले ५३.१७, इन्द्रसरोवर गाउँपालिकाले ५१.०२ र हेटौंडा उपमहानगरपालिकाले ४५.७३ मूल्याङ्कन अंक पाएको छ ।



आयोगको मुल्याङ्कन अनुसार सबैभन्दा कम प्राप्ताङ्क मनहरी गाउँपालिकाले पाएको छ । मनहरीले ४४.१३ अंक पाएको हो ।

आयोगले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ बमोजिम वार्षिक रूपमा मुल्याङ्कन गर्ने गर्दछ । आयोगको मूल्यांकन रिर्पोट अनुसार अधिकांश स्थानीय सरकारबाट तथ्यांक उपलब्ध हुनै मुस्किल देखिएको छ । जसले गर्दा ती तहहरूको कार्य सम्पादन मूल्यांकनमै असर परेको छ । आयोगका उपसचिव राजु बस्नेतका अनुसार आयोगले प्रदेश सरकारको कार्य सम्पादनका लागि कुल ११ वटा सूचकमा मूल्यांकन गरेको छ ।

स्थानीय तहको प्रयोजनका लागि भने १७ वटा सूचकमा आधारित भएर मूल्यांकन गरिएको हो । संघीय सरकारले विना शर्त प्रदेश र स्थानीय तहमा पठाउने अनुदान नै वित्तीय समानीकरण अनुदान हो । यस्तो अनुदानको सिफारिस गर्ने जिम्मेबारी र ाष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले पाएको छ । यस्तो सिफारिस गर्दा आयोगले सुत्र बनाउँछ । जसमध्ये एक मापक कार्य सम्पादन मूल्यांकन हो ।

आयोगका अनुसार प्रदेश तहबाट तथ्यांक उपलब्धतामा भने समस्या थिएन । तर, स्थानीय तहबाट अधिकांश सूचकमा तथ्यांक प्राप्तिमै समस्या देखिएको छ ।

## पालिकाले प्रक्रिया नपुऱ्याई गरेका बढुवा रद्द गर्ने निर्णय

◆ विकास संवाददाता

लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूको रूपन्देहीको मणिग्राममा सम्पन्न दोस्रो राष्ट्रिय सम्मेलन ९ बुँदे घोषणापत्र जारी गर्दै सकिएको छ ।

सम्मेलनले प्रदेश तथा स्थानीय तहहरूले प्रक्रिया पूरा नगरी गरेको बढुवा, तह वद्धि, स्तरवृद्धि लगायतका काम सम्बन्धित प्रदेश लोकसेवा आयोगहरूले रद्द गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरेको लोकसेवा आयोगका प्रवक्ता तोयनाथ सुवेदीले बताए ।

यस्तै १६ वैशाख २०७६ मा सरकारले निर्धारण गरेको मर्यादाक्रम पुनरावलोकन गर्न माग गर्ने, प्रदेश लोकसेवा आयोगको परीक्षा दस्तुर र पारिश्रमिक लोकसेवा आयोगबाट स्वीकृत दर रेटसँग एकरूपता कायम गर्न पहल गर्ने, वार्षिक कार्यतालिका तयार गर्दा प्रदेश लोकसेवा आयोगहरूले यथासम्भव एकैपटक प्रकाशन गर्ने निर्णय पनि सम्मेलनले गरेको छ ।

संघीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा कार्यरत स्थायी कर्मचारीलाई परीक्षामा उमेरको हद नलाग्ने, कुनै लोकसेवा आयोगले कारवाही गरेका उम्मेदवारलाई सबै लोकसेवा आयोगको परीक्षामा आवेदन दिन नपाउने गरी कानुनी व्यवस्था गर्ने सम्मेलनले निर्णय गरेको छ ।






प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## खेलकुदमा लगानी आवश्यक

विद्यालयस्तरीय खेलकूद प्रतियोगितामा विद्यार्थी मात्र होइन, समाजको ठूलो आकर्षण देखिने गरेको छ । गणतन्त्र स्थापनापछि राष्ट्रपति कप रनिङ शिल्डमा आकर्षण बढ्दै गएको देखिन्छ । मकवानपुरका पालिकाहरमा पनि यस किसिमको प्रतियोगिताहरु संचालन हुन थालेको छ । त्यसमा अझ नयाँ संविधानले विद्यालय शिक्षा ब्यवस्थापनको अधिकार स्थानीय तहलाई दिएपछि हरेक स्थानीय तहमा राष्ट्रपति कप रनिङ शिल्ड हुन थालेका हुन् । त्यसबाट छानिएका खेलाडीहरुले जिल्लास्तरमा प्रतिस्पर्धा गर्ने गरेका छन् । तर विद्यार्थीहरु त्यसभन्दा माथि भने उल्लेख गर्न लायक प्रतिस्पर्धामा भाग लिन सकेको पाइँदैन । नेपालमा साँच्चिकै खेलकूदको विकास गर्ने हो भने विद्यालय तहदेखि नै यसको थालनी गर्न जरुरी छ । गाउँ–गाउँमा लुकेर बसेका खेल प्रतिभाहरुको खोजी गर्ने विद्यालयबाहेक अरु कुनै औपचारिक संस्था छैन । सरकारले गठन गरेका जिल्ला वा पालिकास्तरीय खेलकूद समिति राजनीतिक अस्थिरतासँगै सकिने गरेका छन् । सरकार फेरिएसँगै फेरिने यी समितिहरुको न कुनै औचित्य छ, न कुनै सान्दर्भिकता । त्यसैले नेपालमा समुदायस्तरबाटै खेलको विकास गर्ने र खेलाडीको खोजी गर्ने हो भने विद्यालय खेलकूदलाई प्राथमिकता दिनु जरुरी छ, त्यसका लागि विद्यालयस्तरीय खेलकूद महत्वपूर्ण अवसर हुन् । नेपालमा खेलकूदको विकास हुन थालेको पञ्चायतकालदेखि हो । तर अहिले बहुदलकाल हुँदै गणतन्त्रसम्म आउँदा जुनस्तरको खेल क्षेत्रको विकास हुनुपर्ने थियो, हुन सकिरहेको छैन । नेपालमा खेलकूदसम्बन्धी गतिविधि तयार गर्ने सबैभन्दा ठूलो निकाय वा संस्थाका रूपमा राष्ट्रिय खेलकूद परिषद् (राखेप) रहेको छ, यसले पनि अहिले राजनीतिक खिचातानीको शिकार भएर खासै काम गर्न सकिरहेको छैन ।

नेपालमा राखेपको गठन हुनुभन्दा अगाडिदेखि नै क्रिकेट, ब्याडमिन्टन, टेबुलटेनिस, फूटबल, हकी तथा टेनिस जस्ता खेलकूदहरूको संघ गठन भइसकेका थिए । विसं २०१५ सालमा राष्ट्रिय स्वास्थ्य तथा खेलकूद परिषद् गठन भएपछि खेल क्षेत्रको विकासका लागि संस्थागत प्रयास शुरु भएको मानिन्छ । नेपालले अन्तर्राष्ट्रिय खेलकूदमा सन् १९५१ मा भारतको नयाँदिल्लीमा भएको प्रथम एशियाली खेलकूदबाट सहभागिता जनाएको देखिन्छ । नेपाललाई अन्तर्राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक जिताउने प्रथम खेलाडी भने बैकुण्ठ मानन्धर हुन् । उनले पहिलो दक्षिण एशियाली खेलकूदमा म्याराथनतर्फ पहिलो स्वर्ण पदक जितेका थिए । सन् १९६४ मा जापानको टोकियोमा भएको खेलदेखि ओलम्पिक खेलमा सहभागिता जनाउन शुरू गरेको हो । नेपालले सन् १९६८ सालमा मेक्सिकोमा भएको ओलम्पिक खेल बाहेक अहिलेसम्म सबै ओलम्पिक खेलमा सहभागिता जनाउँदै आएको छ तर कुनै पनि खेलमा उल्लेखनीयरुपमा परिणाम आफ्नो पक्षमा पार्न सकिरहेको छैन । नेपालले विश्वस्तरीय खेलकूदको पहल लिन नसकेको भए पनि क्षेत्रीयस्तरका खेलमा भने राम्रै प्रगति गरिरहेको छ । नेपालले फूलबल, भलिबल, क्रिकेटजस्ता विधामा राम्रै प्रस्तुति दिने गरेको छ भने एथ्लेटिक्सका विधामा पनि नेपालको राम्रै उपस्थिति छ । कुनै एउटा क्षेत्रमा मात्रै प्रगति गरेर विश्वमा आफ्नो उपस्थिति माथि बनाउने अवस्था अब छैन । नेपालले मानव विकासको क्षेत्रमा चाँडै प्रगति देखाउने क्षेत्र खेलकूद नै हो किनकि यसका लागि प्रशस्त आधार छन् । यसका लागि पनि स्पष्ट योजना, नीति र कार्यक्रम भने चाहिन्छ । नेपालले खेल क्षेत्रको विकास गर्ने हो भने विद्यालयलाई खेलाडी उत्पादन गर्ने महत्वपूर्ण थलोको रुपमा लिन आवश्यक छ । त्यसका लागि लगानी पनि उत्तिकै आवश्यक छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा


| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# महिला जागरणको सान्दर्भिकता



**विश्वनाथ खरेल**

विश्वको परिपेक्ष्यमा हेर्ने हो भने सन् १९७५ लाई संयुक्त राष्ट्र संघले अन्तर्राष्ट्रिय नारी वर्ष विश्वव्यापी रूपमा मनाउने घोषणा गरेको थियो । यसै क्रममा उक्त संघले सन् १९७६ देखि सन् १९८५ सम्मलाई महिला दशकको रूपमा मनायो । यसले गर्दा नारी जगत्मा केही सुधारको आभास ल्यायो । मुख्य गरी गरिबी, शोषित, अशिक्षा आदिको कारण अधिकांश महिलाले दुःख र पीडा भोग्नुपरेको स्थितिलाई मध्यनजर राखी विभिन्न समयमा अन्तर्राष्ट्रिय महिला सम्मेलन हुँदै आएको छ । सन् १९७५ देखि प्रत्येक पाँच वर्षको अन्तरालमा विश्व महिला सम्मेलन हुँदै आएको थियो । सर्वप्रथम सन् १९७५ मा मेक्सिकोमा प्रथम विश्व महिला सम्मेलन, सन् १९८० मा कोपेन हेगनमा दोस्रो, सन् १९८५ मा नैरोवीमा तेस्रो र सन् १९९५ मा चीनको राजधानी बेइजिङमा चौथो विश्व महिला सम्मेलन सम्पन्न भयो । यसलाई उपलब्धिमूलक एक महत्वपूर्ण ऐतिहासिक कदम मान्न सकिन्छ ।

हाम्रो देशको कुल जनसंख्याको आधाभन्दा बढी जनसंख्या ओगटेको नारी स्थिति केलाएर हेर्ने हो भने यो जगत् ज्यादै पिछडिएको सामाजिक रूढिवादीमा अल्झिएको र कुरीतिले जकडिएको पाउँछौं । फलतः सबै क्षेत्रमा पछि परेको कारणले नै नेपालको विकासमा नारीवर्गको सहभागिता पनि नगण्य रहेको पाइन्छ । यसको निराकरणका लागि पुरूषसरह अवसर प्रदान गर्ने उद्देश्यले हालै महिला मन्त्रालयसमेत गठन भइसकेको छ । यसबाट नारी र पुरूषको हातेमालेबाट देश विकासको अभियानमा नयाँ आयाम थपिने विश्वास राख्न सकिन्छ । यसै तथ्यलाई दृष्टि दिएर प्रत्येक साल मार्च ८ तारिखलाई नारी दिवसको रूपमा मनाउने संयुक्त राष्ट्रसंघको आह्वानमा वि.सं. २०७८ साल फागुन २४ गते (मार्च ८, सन् २०२२) लाई १ सय १२ औं नारी दिवस भव्यताका साथ मनाउन रोचक तथा रचनात्मक कार्यक्रमहरू आ-आफ्नो क्षेत्रमा तय भइसकेका छन् । हाल आएर निकै नै महिला भेदभावको परिवेश फेरिएको छ । यसरी महिलाको पहिचान र भूमिका केवल घरभित्रै सीमित नभई शिक्षा तथा नेतृत्वमा समेत देखा पर्न थाल्नु सुखद संकेत हो । तापनि निर्णय प्रक्रिया र प्राथमिकता निर्धारणमा सधैं पुरूष हावी रहनु दुःखद पक्ष पनि हो । यसका साथसाथै २०४६ सालको परिवर्तनपछि जारी २०४७ सालको संविधानको धारा ११(५) मा महिला र पुरूषबीच पारिश्रमिकमा भेदभाव गरिनेछैन भनिएको थियो ।

त्यस्तै धारा ११४ अनुसार संसद्को निर्वाचनमा कम्तीमा ५ प्रतिशत महिला उम्मेदवार हुनुपर्थ्यो, साथै राष्ट्रियसभामा कम्तीमा ३ जना महिला सदस्य हुनुपर्ने संवैधानिक व्यवस्था थियो । यसलाई संसद्मा महिला सहभागिता सुनिश्चितताको सुरुवातको रूपमा लिन सकिन्छ । स्वायत्त शासन ऐन २०५५ ले पनि स्थानीय निकायमा महिला सदस्य निर्वाचित गर्नुपर्ने व्यवस्था गरेको थियो । फलतः वि.सं. २०५२ मा सर्वोच्च अदालतले छोरीलाई अंशसम्बन्धी निर्देशनात्मक फैसला गरेको थियो । त्यसरी नै वि.सं. २०५८ मा मुलुकी ऐन, २०२० लाई एघारौं संशोधन गरी महिला अधिकार सम्बन्धमा सुधारको प्रयत्न गरियो ।

नेपालको राजनीतिक क्षेत्रमा महिला सहभागितामा दिनप्रतिदिन उल्लेखनीय रूपमा वृद्धि हुँदै गएको छ । मुलुकको तीनै तहको संघ, प्रदेश र स्थानीय तहहरूमा नेपाली महिलाहरूको उपस्थितिमा वृद्धि हुँदै गएको छ । यसरी संघीय संसद्मा १ सय १२ जना सदस्य महिला निर्वाचित भएका थिए । त्यसैगरी प्रदेशसभामा भने १ सय ८९ महिला निर्वाचित भएका थिए र स्थानीय तहमा भने १४ हजार ३ सय ५३ जना निर्वाचित भएका थिए । यसलाई प्रतिशतको हिसाबले भन्ने हो भने संघीय संसद्मा ३३.५३ प्रतिशत, प्रदेशसभामा ३४.३६ प्रतिशत र स्थानीय तहमा ४०.९६ प्रतिशत महिलाको प्रतिनिधित्व रहेको छ । यो महिलाको उपस्थिति स्वस्फूर्त रूपमा महिलाको राजनीतिमा सहभागिता वृद्धि भएका कारण नभई संविधान र कानुनले गरेको समावेशी र लैंगिक समानताको प्रावधानले सुनिश्चित गरेका कारण विगतभन्दा महिलाको सहभागिता व्यापक वृद्धि भएको हो ।

देशमा संघीय गणतन्त्र घोषणापछि १३ वटा सरकार बदलिएका छन् । कुनै पनि सरकारमा ३३ प्रतिशत महिलाको उपस्थिति पुग्न सकेको थिएन । हाम्रो देशको संघीय संसद्को प्रतिनिधिसभामा ९० जना महिलाले प्रतिनिधित्व गरेका थिए, जुन कुल प्रतिनिधिसभाको ३२.७३ प्रतिशत हुन आउँछ । त्यसैगरी माथिल्लो राष्ट्रियसभामा भने २१ जना मनोनीतबाहेकले प्रतिनिधित्व गरेका थिए । यसलाई पनि प्रतिशतमा हेर्ने हो भने कुल राष्ट्रियसभाका सदस्यहरूमध्ये ३७.५० प्रतिशत महिलाको उपस्थिति भएको थियो । त्यसरी नै प्रदेशसभामा महिला प्रतिनिधित्वको उपस्थिति नेपालभरिबाट प्रदेश नम्बर १ बाट ३२ जना, प्रदेश नम्बर २ बाट ३७ जना, बागमती प्रदेशबाट ३७ जना, गण्डकी प्रदेशबाट २० जना, लुम्बिनी प्रदेशबाट ३२ जना, कर्णाली प्रदेशबाट १३ जना र सुदूर पश्चिमबाट १८ जना गरी जम्मा जम्मी १ सय ८९ जनाले प्रतिनिधित्व गरेको देखिन्छ, जसलाई कुल प्रदेश सभासद्मध्ये ३४.३६ प्रतिशत रहेको छ ।

मुलुकको स्थानीय तहमा महिलाको उपस्थितिले राजनीतिमा महिलाको व्यापक सहभागिता बढाएको देखिन्छ । महिलाको नेतृत्वमा नगरपालिका, गाउँपालिका सञ्चालन भइरहेका छन् । यसले महिलालाई पनि राजनीतिमा आउन प्रेरित गरिरहेको देखिन्छ । मुलुकमा रहेको ७ सय ५३ स्थानीय तहमा प्रमुख-अध्यक्ष, उपप्रमुख-उपाध्यक्ष, वडा अध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र खुला सदस्य पदहरूका महिलाको सहभागिता भएको छ । उक्त महिला सहभागीमा क्रमशः १८, ७ सय, ६०, ६ हजार ६ सय ६४, ६ हजार ४ सय २४ र २ सय ६२ गरी जम्मा जम्मी १४ हजार १ सय २८ महिलाको जनसंख्या उपस्थिति भएको देखिएको छ । यसमा कुल सहभागितामा ४०.८ प्रतिशत रहेको सम्बन्धित क्षेत्रको तथ्यांकबाट पनि स्पष्ट हुन्छ ।

*स्थानीय तहमा महिलाको उपस्थितिले राजनीतिमा महिलाको व्यापक सहभागिता बढाएको देखिन्छ । महिलाको नेतृत्वमा नगरपालिका, गाउँपालिका सञ्चालन भइरहेका छन् ।*

समग्रमा भन्नुपर्दा आउँदा वर्षहरूमा स्थानीय तहमा महिलाको उपस्थिति अझै बढ्ने देखिन्छ । देशको तीनै तहको चुनावलाई हेर्ने हो भने राजनीतिक दलले महिलाहरूलाई उप-पद मात्रै सीमित गरेको देखिन्छ । राष्ट्रमा स्थानीय चुनावको नतिजा हेर्ने हो भने उपप्रमुखमा महिला छन् । देशको प्रतिनिधिसभा र प्रदेशसभा हेर्ने हो भने समानुपातिकबाट प्रतिनिधित्व पुऱ्याउन दल बाध्य बनेका देखिन्छन् । मूलतः प्रदेश सरकारमा उपसभामुखमा सीमित बनाएको छ । यसका साथसाथै समावेशीका लागि महिलालाई आरक्षण छुट्ट्याएका कारण उप-पदमा सीमित बनाएको देखिन्छ । यसबाट राजनीतिक दलहरूको इच्छाशक्ति छर्लंग देखिन्छ । महिलालाई पद दिनु नै थियो भने प्रत्यक्षमा किन उठाउन सकेनन् ? उप-पदमा मात्र सीमित किन गरे ? यो प्रश्न टड्कारो रूपमा देखिन्छ । यसै क्रममा हेर्ने हो भने २०४६ सालको राजनीतिक परिवर्तनको जगमा उभिएर देशले नारीको हकहितका लागि कतिपय क्रान्तिकारी कदम नचालेको होइन । मूलतः संविधानसभाबाट जारी २०७२ सालको संविधानले त अझ विभेदका थुप्रै विषयमा नारीको संरक्षणको कानुनी हकको प्रत्याभूतिसमेत गरिसकेको छ । देशको वर्तमान संविधानको मौलिक हकको धारा ३८ को महिलाको हक, धारा १६ को सम्मानपूर्वक बाँच्ने हक, धारा १८ को समानताको हक, धारा ४२ को सामाजिक न्यायको हकलगायतका संवैधानिक अधिकारका कारण नयाँ संविधानलाई महिलाका सन्दर्भमा यसलाई उदाहरणीय संविधान पनि भनिएको छ ।

अतः संविधानमै व्यवस्था गरिएको राजनीतिमा महिला सहभागिता, संघीय र प्रदेशसभाहरूमा एकतिहाइ महिला सहभागिता तथा स्थानीय तहमा झन्डै ४१ प्रतिशत महिला जनप्रतिनिधिका कारण धेरै महिलाले पर्याप्त अधिकार पाएको तर्क पनि हुने गर्छ । प्रत्येक वडा तहमा कम्तीमा एक दलित महिला सदस्य अनिवार्य राखिनुले पनि यस्तो तर्कलाई बल दिएको छ । एकाध महिला राज्य तहको उच्च पदमा पुगेका पनि छन् । त्यसरी नै नेपाली महिलाले प्राप्त गरेको मताधिकार कतिपय विकसित मुलुकभन्दा अगाडि नै हामीले पुरूष-महिलाले एकसाथ प्राप्त गरेको तथ्य गर्व गर्न लायक छ । यसका अतिरिक्त सम्पत्तिमा समानता, ज्यालामा समानता, राजनीतिक, सामाजिक, आर्थिक क्षेत्रमा पहुँच र समानताको प्रश्न आज पनि त्यत्तिकै गर्व गर्ने विषय हो । खासगरी राजनीतिक क्षेत्रमा प्रतिनिधित्वको सवालमा प्राप्त भएको हैसियत संसारका उन्नत प्रजातन्त्रभन्दा पनि नेपालमा कम देखिँदैन ।

# अवस्था सहज नभएपछि गर्भपतन गराउँछन् !


डा. बालकृष्ण शाह
स्त्रीरोग तथा प्रसूती विशेषज्ञ

विवाह नगरेका कुनै युवतीले गर्भपतन गरेको कुरामा समाजले बढी नै चियोचर्चा गर्छ । विवाहअघि यौन सम्बन्ध राख्नुहुँदैन भन्ने पुरातन धारणाले गर्दा पनि यस्तो भएको हो ।

विवाहअघि यौन सम्बन्ध बनाइरहँदा भुलवश गर्भ रहन जान्छ । अब के गर्ने त ? उपाय हुँदैन । तब उनीहरू गर्भपतन गराउने यत्नमा लाग्छन् । तर, विवाहित महिलालाई जस्तो उनीहरूलाई सहज हुँदैन । किनभने कुनै अविवाहित युवतीले गर्भपतन गराउँदैछ भने उनीमाथि अनेक शंका-उपशंका गर्न थालिन्छ । कोसँग, किन, कहाँ, कहिले ? यावत् प्रश्न सोधिन्छ ।

त्यसैले यी प्रश्नहरूबाट उम्कनका लागि अविवाहित युवतीले गर्भपतनको वैकल्पिक बाटो खोज्न थाल्छन् । कसरी गोपनीयता अपनाउने भन्नेमा उनीहरू केन्द्रित हुन्छन् । यही चक्करमा परेर अधिकांश युवती आधिकारिक स्वास्थ्य केन्द्रमा जाँदैनन्, जहाँ सुरक्षित गर्भपतन गराइन्छ ।

जबकि सरकारले गर्भपतन सेवालाई व्यापक मात्र बनाएको छैन, सुविधाजनक र निःशुल्क पनि गरिदिएको छ । भुलवश रहने गर्भलाई सुरक्षित रूपमा पतन गराउनका लागि यस्तो व्यवस्था गरिएको हो । यसका लागि निश्चित अवधि र तौर-तरिका हुन्छ ।

## गर्भपतन सेवा पूर्ण गोपनीयता अपनाइन्छ

सरकारले आफ्नो मातहात र निजी दुवैलाई सुरक्षित गर्भपतनको लागि मान्यता दिएको छ, साथसाथै सेवा-सुविधालाई सुलभ पनि बनाएको छ । त्यहाँ आधिकारिक चिकित्सक वा स्वास्थ्यकर्मीले गर्भपतन गराउने व्यवस्था हुन्छ ।

तर, युवतीहरू यस्ता ठाउँमा पुग्दैनन् । उनीहरूलाई के डर लाग्छ भने, त्यहाँ जाँदा आफ्नो कुरा सबैले थाहा पाउन सक्छन् । जबकि यस्ता स्वास्थ्य केन्द्रहरूमा उनीहरूको पूर्ण गोपनीयता अपनाउने गरिन्छ । कतिसम्म भने उनीहरूको नाम समेत उल्लेख गरिँदैन । नाम थर कुनै उल्लेख हुँदैन । त्यसैले गर्भपतनका लागि ती स्थानहरू सुरक्षित र भरपर्दो मात्र होइन, गोपनीय पनि हुन्छ ।

यसको अर्थ के भने गर्भपतनका लागि आत्तिनु, डराउनु जरूरी छैन । लुकेर, भागेर, चोरेर गर्भपतन गराउँदा असुरक्षित हुनसक्छ भन्ने कुराको हेक्का हुनुपर्छ । मकहाँ पनि त्यस्ता थुप्रै बिरामी आइपुग्छन्, जसले असुरक्षित गर्भपतन गराएका हुन्छन् । पछि बढी वा लामो समय रक्तस्राव जस्तो समस्या भएपछि उनीहरू अस्पताल आउनुपर्ने बाध्यता हुन्छ ।

## आपतकालीन चक्की हप्तैपिच्छे खाने होइन

सन्तानको योजना नभएको अवस्थामा त्यसो त गर्भ नै रहन नदिनु सर्वोत्तम उपाय हो । यसका लागि थुप्रै विधि छन् । दीर्घकालीन, अल्पकालीन विधिहरू अपनाएर ढुक्कले यौन सम्बन्ध राख्न सकिन्छ । त्यसैगरी यौन सम्पर्क भइरहँदा आक्कलझुक्कल सुरक्षाको विधिहरू अपनाउन सकिँदैन । यस्तो अवस्थामा आपतकालीन गर्भनिरोधक चक्की सेवन गर्न सकिन्छ ।

सुरक्षित यौन सम्बन्धका लागि डिपो, कपर टी जस्ता विधिहरू अपनाउन सकिन्छ । नरप्लान्ट जस्ता विधिहरू अपनाउन सकिन्छ । यी विधिहरू सस्तो, सहज र सुरक्षित हुन्छन् । पाखुरामा नर प्लान्ट लगाएपछि पाँच वर्षसम्म कुनै साधन प्रयोग गर्नुपर्दैन ।

## सुरक्षित, सस्तो र भरपर्दो उपाय

नेपाल सरकारले परिवार नियोजनका साधनहरू निःशुल्क उपलब्ध गराएको छ । यदि खरिद गर्नुपरेमा पनि त्यति महँगो पर्दैन । नेपालमा पाइने गर्भनिरोधका साधनहरूमा एक हजार १५ सय रूपैयाँ खर्च गर्नुपर्ने आवश्यकता छैन ।

डिपो लगाउनु परेमा ३०-४० रूपैयाँ पर्छ, कपर टी लगाउनु परेमा ४८-५०रूपैयाँ पर्छ ।

नव-दम्पतीलाई चिकित्सकले पिल्स खान सुझाव दिन्छन् । यस्तो अवस्थामा उनीहरूले चाहेको क्षणमा गर्भधारण गर्न र चाहेको अवस्थामा गर्भ रहनबाट बच्न सक्छन् । पिल्स खाइरहेकाहरूले त्यो खान छाड्नसाथ गर्भ रहन सक्छ । तर अन्य साधन प्रयोग गर्दा त्यसको समयसीमा हुन्छ ।

यदि साताको एक वा दुई पटक मात्र यौन सम्बन्ध राख्ने हो भने कन्डमको प्रयोग गर्नु उत्तम हुन्छ । तर, कन्डमलाई परिवार नियोजनको साधनको रूपमा भन्दापनि यौन रोगबाट बच्ने उपायको रूपमा लिन सक्छौं ।

बजारमा गर्भनिरोधको हर्मोनल र ननहर्मोनल दुवै उपलब्ध छन् । कपर टीमा कुनै हर्मोनको प्रयोग हुँदैन । कपर टी पाठेघरमा लगाउने हो । पाठेघरमा लगाउनु र नलगाउनुको पनि फाइदा तथा बेफाइदा छन् । आफ्नो आवश्यकतालाई हेरेर यस्ता साधनको प्रयोग गर्न सकिन्छ । यसका लागि उपयुक्त लागेको साधनबारे स्वास्थ्यकर्मीसँग परामर्श लिन सकिन्छ ।

## महिलाले बच्चा जन्माउने उपयुक्त उमेर

बिहेबारि बीस वर्ष पारि भनिन्छ नि । यसको खास अर्थ छ । २० वर्ष पूरा गरिसकेपछि मात्र कुनै युवती सामाजिक, शारीरिक र मानसिक रूपले आमा बन्न सक्षम हुन्छिन् ।

कानुनी हिसाबले २० वर्षभन्दा कम उमेरमा विवाह गर्न अनुमति दिँदैन । तर, हामीकहाँ कम उमेरमै विवाह गर्ने, बालबच्चा जन्माउने प्रवृत्ति व्यापक छ । यसले आमाको स्वास्थ्यमा निकै नराम्रो असर पर्छ ।

खासमा महिलाले २२ वर्षदेखि ३५ वर्षको बीचमा बच्चा जन्माउन सक्षम हुन्छन् । पहिलो बच्चापछि दोस्रो बच्चा कहिले जन्माउने भन्ने उत्सुकता धेरैलाई हुन्छ । महिलाको स्वास्थ्यको कोणबाट कुरा गर्दा तीनदेखि पाँच वर्षको अन्तरमा दोस्रो बच्चा जन्माउनु उपयुक्त हो । भनाइ नै छ नि, दोस्रो सन्तान कहिले, पहिलो स्कुल जान्छ जहिले । यसो गर्दा आमाको स्वास्थ्य पनि राम्रो हुन्छ र पहिलो बच्चाको पनि अधिकार पनि हनन् हुँदैन ।

## गर्भपतनको औषधि दुरुपयोगको जोखिम

गर्भपतन दुई किसिमको हुन्छ । एक सुरक्षित गर्भपतन र अर्को गर्भपतन । नेपाल सरकारले तोकेको मापदण्डभित्र रहेर गर्भपतन गराउनेलाई सुरक्षित गर्भपतन र मापदण्डभन्दा बाहिर रहेर गरेकोलाई गर्भपतन भन्न सकिन्छ ।

मापदण्डभन्दा बाहिर रहेर गर्भपतन गराउनेको संख्या दिनदिनै घट्दै गइरहेको छ । मान्छेले स्वास्थ्यका बारेमा शिक्षा पाएका कारण गर्भका जटिलताहरू पनि घट्दै गएका छन् ।

तर पछिल्लो समय मापदण्डभन्दा बाहिर गएर असुरक्षित गर्भपतन गराउनेको संख्या भने बढिरहेको छ । जस्तो स्वास्थ्यकर्मीसँग परामर्श नलिइ स्वास्थ्य परीक्षण नगरी सिधै पसलबाट औषधि किनेर खाने तथा घरपरिवार, आफन्त, साथीभाइ, श्रीमान् तथा प्रेमीले ल्याएर औषधि सेवन गर्नेको संख्या बढिरहेको छ ।

पसलमा सिधै त्यस्ता औषधि पाइने भएकाले यस्तो भएको हो । तर यसका जोखिमका बाटाहरू प्रशस्तै हुन्छन् । यसले रगत बग्ने जस्ता स्वास्थ्यलाई हानि नोक्सानी पुऱ्याउने काम गर्छ । तर अहिले जस्तो जडीबुटीको प्रयोग गरेर तथा अवैधानिक तरिकाले गर्भपतन गर्नेको संख्या घट्दो छ ।

जनसंख्या बढेको हिसाबले तथा स्वास्थ्य सेवा प्रदायक संस्था बढेको हिसाबले पक्कै पनि सुरक्षित गर्भपतन गराउनेको संख्या बढेको हुनसक्छ । तर यसको तथ्यांक भने आउन बाँकी छ ।

## कस्तो अवस्थामा गर्न सकिन्छ गर्भपतन ?

सुरक्षित गर्भपतनको मापदण्ड आफैंमा स्वास्थ्यको कुरालाई ख्याल गरेर नेपाल सरकारका स्वास्थ्य विज्ञहरू बसेर बनाइएको हो । यसमा सुरूमा गर्भवती महिलाको मञ्जुरीनामा हुनुपर्छ । गर्भवती महिलालाई प्रलोभन देखाएर, डर धम्की दिएर, थर्काएर गराउनै पर्छ भनेर दबाब दिएर गराएको हुनुहुँदैन ।

यसका लागि एउटा १८ वर्ष पूरा भएको बालिग महिलाले मानसिक अवस्था ठीक छ भने आफैंले मञ्जुरीनामा दिन सक्छ । तर उनी नाबालक छ भने नजिकको नातेदारले मञ्जुरी दिन सक्छन् । मञ्जुरीनामा दिनेको उमेर १८ वर्ष पूरा भएको र मानसिक स्वास्थ्य ठीक हुनुपर्छ ।

नेपाल सरकारले सुरक्षित गर्भपतन सेवाका लागि १२ हप्ता भनेर समयसीमा तोकेको छ । यो समयका लागि कुनै शर्त चाहिँदैन । तर कुनैबेला गर्भलाई निरन्तरता दिँदा आमाको ज्यानलाई नै खतरा हुने, बच्चा विकलांग जन्मिन सक्ने, अर्थात् महिला दीर्घरोगी हुन सक्ने, मानसिक तनाव भएको र जर्बजस्ती करणी भएका सुरक्षित मातृत्व तथा प्रजनन अधिकार ऐन २०७५ ले २८ हप्तासम्मको गर्भपतन गर्ने अधिकार दिएको छ । तर यसमा शर्त खुलेको र चिकित्सकले सिफारिस गरेको हुनुपर्छ ।

*(-अनलाइनखबरको सहयोगमा)*




## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# ६ महिनामा हेटौंडा उपमहानगरका १०४ जोडीको सम्बन्ध विच्छेद

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका क्षेत्रमा घटना दर्ता गराउनेहरुको सख्या बढ्दै गएको छ । पहिले घटना दर्ता गराउनका लागि खासै चासो नदिने नागरिकहरू अहिले भने घटना दर्ता गराउनका लागि अग्रसर देखिउका छन् । हेटौंडामा चालु आर्थिक वर्षको साउन महिना देखि पुस मसान्त सम्ममा घटना दर्ता गराउनेहरूको सख्या ४ हजार ३ सय ८४ जना रहेको मेयर हरि बहादुर महतले बताए । घटना दर्तालाई धेरैले सामान्य विषय ठान्ने गरेपनि यो धेरै महत्वपूर्ण र दिर्घकालिन रूपमा प्रभाव पार्ने विषय रहेको मेयर महतले बताए । उपमहानगरपालिका क्षेत्रका नागरिकलाई समयमानै घटना दर्ता गर्न समेत आग्रह गरेका छन् ।

घटना दर्ता गर्नका लागि पहिलेको तुलनामा वृद्धी भएपनि समयमानै आउनेहरू भने कमै मात्र रहेको हेटौंडा-१८ का वडा अध्यक्ष अनिल बानियाँ बताउँछन् । आफ्ना वडाका नागरिकलाई घरटना दर्ता गर्नका लागि समयमानै आउन उनले सुझाब दिए । घटना दर्तालाई यस क्षेत्रका नागरिकले सामान्य रूपमा लिएकाले पनि यो समस्या भएको उनले बताए ।

हेटौंडा उपमहानगरपालिका क्षेत्रका १९ वटै वडाहरूमा सम्वन्ध विच्छेद गर्न आउनेहरू भने धेरै रहेका छन् । पछील्लो छ महिनाको अवधिमा मात्र एक सय ४ जोडीले सम्वन्ध बिच्छेदको घटना दर्ता गरेको उपमहानगरपालिकाका सूचना अधिकारी भानुभक्त थपलियाले जानकारी दिए । सानै उमेरमा विवाह गर्ने, घरमा सामान्य झगडाहरू पर्ने, विवाह पश्तात पुरूष विदेश जाने र फर्कदा झैझगडा हुने, एकले अर्कालाई कुनैपनि खालका विश्वास नगर्ने लगायतका कारणबाट सम्वन्ध बिच्छेद गर्न आउनेहरू बढ्न थालेको कानून व्यावसायीहरू बताउँछन् ।

उपमहानगरपालिका क्षेत्रमा छ महिनाको अवधिमा एक हजार ८ सय ८६ जनाले जन्म दर्ता गराएका छन् । ती मध्यमा ९ सय २९ जना बालक र ९ सय ५७ जना बालिकाले जन्म दर्ता गराएका छन् । अहिले पनि बालबालिका जन्मने बित्तिकै जन्मदर्ता गरिहाल्ने परिपाटीको विकास भने भएको छैन । जती बेला जन्म दर्ताको आवस्यक्ता पर्छ त्यतीनै बेला जन्मदर्ता गराउने चलन रहेको पाइएको छ । यो अवधिमा ६ सय ३३ जनाले मृत्यु दर्ता गराएको उपमहानगर पालिकाका एमआइएस अपरेटर दिपेन्द्र विश्वकर्माले जानकारी दिए । छ महिनाको अवधिमा २ सय ८८ जना महिला र ३ सय ४५ जना पुरूषको मृत्यु दर्ता गरिएको विश्वकर्माले जानकारी दिए ।



> हेटौंडा उपमहानगरपालिकाले १९ वटा वडाका ५७ स्थानमा व्यक्तिगत घटना दर्ता शिविर सञ्चालन गर्ने भएको छ । प्रत्येक वडामा तीन स्थानमा घटना दर्ता शिविर सञ्चालन गर्न लागिएको हो । नेपाल सरकारको नीति तथा कार्यक्रम अनुसार जन्म, सम्बन्ध विच्छेद, बिबाह, मृत्यु, बसाई सराई जस्ता व्यक्तिगतघटना दर्ता शतप्रतिशत दर्ता गराउने उद्देश्य छ ।
>
> ●●●

हेटौंडामा पछील्ला वर्षहरूमा विवाह गर्नेहरूले बिवाह दर्ता भने अरू घटना दर्ताको तुलनामा अली चाडै गर्ने गरेका छन् । छ महिनाको अवधिमा ८ सय १८ जोडीले बिवाह दर्ता गरेका छन् । हेटौंडा बागमती प्रदेशको राजधानी कायम भएसंगै बसाइ सरेर आउनेहरू पनि बढेका छन् । अस्थायी रूपमा बसोबास गर्नेहरू पनि त्यतीकै छन् । चालु आर्थिक वर्षको छ महिनाको अवधिमा ६ सय परिवारका २ हजार २ सय १६ जना हेटौंडामा बसाई सरेर आएको उपमहानगरपालिकाका सूचना अधिकारी भानुभक्त थपलीयाले जानकारी दिए ।

हेटौंडामा बसाइ सरेर आउनेको तुलनामा बसाइसरी जानेको सख्या कम छ । यो अवधिमा हेटौंडाबाट अन्यत्र बसाइसरेर जानेहरू ३ सय ४३ परिवार का एक हजार एक सय ७६ जना रहेका छन् ।

यसैबीच हेटौंडा उपमहानगर पालिकाले १९ वटा वडाका ५७ स्थानमा व्यक्तिगत घटना दर्ता शिविर सञ्चालन गर्ने भएको छ । प्रत्यक वडामा तीन स्थानमा घटना दर्ता शिविर सञ्चालन गर्न लागिएको हो । नेपाल सरकारको नीति तथा कार्यक्रम अनुसार जन्म, सम्बन्ध विच्छेद, बिबाह, मृत्यु, बसाई सराई जस्ता व्यक्तिगतघटना दर्ता शतप्रतिशत दर्ता गराउने उद्देश्यका साथ हेटौंडाका वडा वडामा गएर घटना दर्ता शिविर सञ्चालन गर्न लागिएको उपमहानगरपालिकाका सूचना अधिकारी भानुभक्त थपलियाले बताए ।

सरकारले योग्य नेपाली नागरिक पहुँच नपुगेकै कारणसामाजिक सुरक्षा भत्ता प्राप्त गर्न छुट भएको भए सोको दर्ता गराउन सहज पहुँच पुयाउने उद्देश्य अनुरूप स्थानीय तहका प्रत्येक वडाका फरक फरक स्थानमा दर्ता शिविर संचालन गर्ने तयारी गरिएको उनले बताए । सरकारले चालूमा वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहमा बजेट व्यवस्था भएको छ । घटना दर्ताकार्यको लक्ष्य प्राप्तीको निम्ती सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना संचालन निर्देशिकाको संसोधन अनुसार काम सुरु गर्न लागिएको हो ।

नेपाल सरकार र स्थानीय प्रशासनबाट जारी निषेधाज्ञा र कोभिड महामारीको प्रकोपलाई मध्यनजर गरी उपयुक्त मितिमा घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी दर्ता शिविर सञ्चालन गर्नु निर्देशन दिइएको छ । घटना दर्ता शिविर संचालन गर्दा घटना दर्ता शत् प्रतिशत हुने गरी योजना तयार गरी सोही अनुसार कार्यान्वयन गर्ने तयारी थालिएको उपमहानगरपालिकाका एमआइएस अप्रेटर दिपेन्द्र विश्वकर्माले जानकारी दिनुभयो । सबै घटना दर्ताको निस्सा सहितको सूचना फारम र, तथा निस्सा सहितको गुनासो दर्ता फाराम, निस्सा सहितको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने निवेदनको ढाँचा उपलब्ध गराएर यो शिविर संचालन गर्नका लागि तयारी थालिएको छ ।

लाभग्राही र सेवाग्राहीले प्रमाणपत्र तथा परिचयपत्र प्राप्त गर्ने समय र विधिस दर्ता शिविरमा संकलन भएका सामाजिक सुरक्षा भत्ताको निवेदन तथा घटना दर्ताका सूचना फारामहरू फिल्ड सहायकको सहायतामा गर्ने तयारी छ ।

# सांसद विकास कोष कार्यान्वयन गर्न स्वीकृति

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारले सांसद विकास कोष कार्यान्वयन गर्न सिफारिस गरेको छ । बुधबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले यस वर्ष प्रदेश सरकारले प्रदेश पूर्वाधार साझेदारी कार्यक्रमको नाममा सांसदको तजबिजमा खर्च गर्ने बजेट विनियोजन गरेको थियो ।

प्रदेश सरकारले प्रत्यक्ष निर्वाचितलाई ३ करोड र समानुपातिक सांसद्रूलाई १ करोड गरी कुल २ अर्ब ४२ करोड रूपैयाँ विनियोजन गरेको थियो । प्रदेश सरकारले प्रदेश पूर्वाधार साझेदारको बजेट ५० प्रतिशत भौतिक पूर्वाधार, ३० प्रतिशत शिक्षा र २० प्रतिशत स्वास्थ्य क्षेत्रमा खर्च गर्नुपर्ने बाध्यकारी नियम बनाएको छ ।

प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णराम खनालका अनुसार स्थानीय तहबाट कार्यान्वयन भइरहेका समपूरक योजनालाई पूर्णता दिन १२ करोड ४८ लाख ३७ हजार रूपैयाँ रकम भुक्तानी दिने बैठकले निर्णय गरेको छ । प्रदेश सरकारको बजेटबाट २५ वटा स्थानीय तहमा समपूरक योजना लागू भइरहेको छ । बैठकले प्रदेशभर सञ्चालनमा रहेको सामुदायिक अस्पताललाई अनुदान दिने निर्णय समेत गरेको छ ।

'गैरनाफामूलक सामुदायिक अस्पताललाई हामी अनुदान वितरण गर्छौं । त्यसका लागि आवश्यक तथ्यांक संकलन गरी अनुदानका लागि निवेदन माग गर्नेछौं,' मन्त्री खनालले प्रदेशका मन्त्रालयहरूमा हुने सार्वजनिक खर्चमा एकरूपता ल्याउन मापदण्ड समेत मन्त्रिपरिषद्को बैठकले पारित गरेको छ । 'अब मन्त्रालयको खर्चहरूमा एकरूपता आउनेछ । हामीले मितव्यय कायम गर्न यसो गरेका हौं', उनले भने ।

प्रदेश सरकारले बाटो विस्तार गर्दा हुने अवरोध हटाउन क्षतिपूर्तिको मापदण्ड समेत बनाउने भएको छ । 'बाटो विस्तार गर्दा क्षतिपूर्ति दिनुपर्ने अवस्था रहेको छ । त्यसका लागि आवश्यक कार्यविधि निर्माण गर्नेछौं । कार्यविधिमा जग्गा र घरको दररेट समेत कायम गर्नेछौं, ' मन्त्री खनालका अनुसार प्रदेश सरकारले स्तरोन्नति र निर्माण अगाडि बढाएको सडक आयोजनामा समस्या आएपछि कार्यविधि बनाउन लागिएको हो ।

# हेटौंडाको टोल-टोलमा सडक विस्तार

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका भित्रका १९ वटा वडाहरूमा पाँच वर्षको बिचमा विकास निर्माणका कामले निकै तिब्रता पाएका छन् । हेटौंडाका टोल-टोलमा सडक नपुगेका स्थानमा सडक पूर्वाधार पुन्याइएको छ । सडक पहिलेनै पुगेका स्थानमा सडकलाई पक्की बनाइएको छ । नाली निर्माण गरिएको छ । पेटी सहितका सडक निर्माण गरिएको छ । जनप्रतिनिधिहरू आएपछी विकासका कामले निकै तिब्रता पाएकोमा नगरवासीहरू पनि निकै खुसी छन् ।

हेटौंडाका साविकका गाउँगाउँमा विकास भएपछी नगरवासी हुनुको अनुभुती गर्न पाएको स्थानीय वासिन्दाहरू बताउँछन् । आर्थिक वर्ष २०७४ साल देखि २०७७-०७८ सम्मको तथ्याङकलाई हेर्ने हो भने यहाँका १९ वटै वडामा उपमहानगरपालिका मात्रको लगानीमा १ सय २९ किलोमिटर कच्ची सडकलाई पक्की निर्माण गरिएको मेयर हरि बहादुर महत बताउनुहुन्छ ।

हेटौंडामा स्थानीय सरकार मात्रको लगानीमा मात्र १ सय २९ किलोमिटर सडक निर्माण भएपनि बागमती प्रदेश र संघीय सरकारको लगानीमा त्यतीकै सडक निर्माण भएको उहाँ बताउनुहुन्छ । हेटौंडा भएर पर्ने राजमार्ग र केही ठुला सडकमा संघीय सरकारको लगानीमा सडक निर्माण गरिएको छ । बागमती प्रदेश सरकारको लगानीमा हेटौंडाका अधिकांश वडामा सडक पक्की निर्माणमा काम भएको मेयर महतले बताए ।

स्थानीय सरकार आएपछी नागरिकले विकासको अनुभुती गर्न पाएको बताउँदै मेयर महत भन्नुहुन्छ-'पहिलेको तुलनामा पाँच वर्षको बिचमा धेरै काम गरिएको छ । सबै भन्दा धेरै यहाँका १९ वटै वडामा बजेटको शिलिङ तोकेर काम गरिएको छ भने उपमहानगरपालिका, प्रदेश सरकारबाट त्यतीकै काम गरिएको छ । अहिले टोलटोलमा पक्की सडक निर्माणले गर्दा नागरिकले सरकार घर आगनमा आएको अनुभुती गर्न पाएका छन् ।'

हेटौंडा-१७ राजदेविमा विगतका दिनमा सडकको दयनिय अवस्थाका कारण बजार आवतजावतको लागि असहज थियो । खाल्डे र धुलाम्मे सडकको कारण कष्टकर यात्रा गर्न बाध्य स्थानीयहरूले अहिले धेरै सहज भएको स्थानीय भिम प्रसाद अधिकारी बताँछन् ।



# फागुन २८ गतेदेखि प्रदेश खेलकुद

◆ विकास संवाददाता

प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेशले प्रथम प्रदेश खेलकुद प्रतियोगिताको आयोजना गर्ने भएको छ । हेटौंडामा शुक्रबार पत्रकार सम्मेलनको आयोजना गर्दै परिषद्ले पहिलोपटक प्रदेशभरका खेलाडीलाई प्रोत्साहन गर्न प्रतियोगिताको आयोजना गर्न लागिएको जनाएको हो ।

परिषद्का सदस्य सचिव सूर्यलाल भण्डारीले फागुन २८ गते हेटौंडामा एक समारोहबीच प्रतियोगिताको उद्घाटन गरिने जानकारी दिए । उनका अनुसार फागुन २८ गतेबाट प्रदेशको पाँचवटा जिल्लामा नौ वटा प्रतियोगिताहरू आयोजना हुने बताए । उनका अनुसार चैतको १२ गतेसम्म हुने प्रतियोगितामा पुरूष फुलबल, व्याडमिन्टन, क्रिकेट, तेक्वान्दो, भलिबल, कराँते, एथलेटिक्स, महिला फुटबल र बक्सिङ प्रतियोगिता हुनेछ । करिब आठकरोड चार लाख खर्चिएर आयोजना गर्न लागिएको प्रतियोगितामा दुईहजारभन्दा बढी खेलाडीले सहभागिता जनाउने अपेक्षा गरिएको भण्डारीले सुनाए ।

खेलको उद्घाटन २८ गते मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले गर्नुहुने हेटौंडामा गर्नेछन् भने चैतको १२ गते प्रतियोगितको समापन काभ्रेको धुलिखेलमा हुने जनाइएको छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई नगद, शिल्ड र प्रमाणपत्र प्रदान गरिनेछ ।

प्रतियोगितामा भाग लिने खेलाडीहरूको प्रतिव्यक्ति ३० लाख रूपियाँको बीमासमेत गरिने भण्डारीको भनाइ छ ।

ThahaTimes.com
स्थानीय खबर
थाहा पाउनका
लागि लगइन गरौं

नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा
बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।

बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।
"सानै छु बढन देउ, विवाह हैन पढन देउ"
थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

# 'नारा हैन, काम गर, पर्यटन प्रवर्द्धन हुन्छ'

थाहा नगरपालिका क्षेत्र भित्र रहेका होटल व्यवसायीहरूको छाता संगठन थाहा होटल एसोशियसनसँग आवद्ध होटलहरूको संख्या १ सय ४७ छ । कृषि र पर्यटनलाई थाहा्नगरको समृद्धीका रूपमा लिईन्छ । देशको राजधानी काठमाडौ सँगको नजिक भएको तराईबाट छिटो र सहजै पुग्न सकिने उत्तरी मकवानपुर देशकै पर्यटकिय गन्तब्य हो । यहाँको पर्यटन प्रबर्द्धनमा थाहा नगरमा रहेका होटलहरूको योगदान प्रशंसनिय छ । थाहा नगरको पर्यटन प्रवर्द्धन र होटल व्यावसायका सम्बन्धमा थाहा होटल एसोसियसनका अध्यक्ष शिव कुमार खत्री सँग सहकर्मी **शम्भू अधिकारीले** गरेको कुराकानी ।

... ... ... ... ...


◆ शिवकुमार खत्री

***थाहानगरमा अहिले होटल व्यवसायको अवस्था कस्तो छ ?***

थाहानगर पर्यटकिय क्षेत्र भएको हामी सबैलाई थाहा छ । होटल विना पर्यटन प्रवर्द्धनको सम्भावना हुन्न पनि । पछिल्लो समय कोरोना महामारी पछि होटल व्यवसायमा शुन्यता आएको छ । बाह्य पर्यटक बन्छ हुनु र आन्तिरिक पर्यटकहरूमा महामारीको त्रासका कारण होटल व्यवसाय थलिएको छ । यो पीडा देशै भर छ र थाहा नगरका होटल पनि यही समस्याका कारण पिडित छन् । तथापी पिडा लुकाउदै नगरको पर्यटन प्रवर्द्धनमा व्यवसायिक इमान्दारिता देखाउदै सेवा प्रदान गरिरहेका छौं ।

**तपाइले नेतृत्व गरेको थाहा होटल एसोयिसन कस्तो संस्था हो ?**

नामबाटै प्रष्ट छ । यो होटल व्यवायीहरूको छाता संगठन हो । थाहानगर भित्र रहेका ठुला-साना १ सय ४७ होटल आवद्ध छन् । राज्यको नारा पर्यटन प्रमुख रूपमा छ तर पुर्वाधार र त्यसको व्यस्थापन राज्यको प्राथमिकतामा छैन । पर्यटनका कुरा हुन्छ तर काम नहुँदा पर्यटन क्षेत्रमा सोचेजस्तो प्रगति नहुने भएकाले होटल व्यवसायीहरूको छाता संगन बनाई थाहा नगरमा आउने पर्यटकका लागि उचित, व्यवस्थित र सुरक्षित खानपान र बासबाट मनोरञ्जन प्रदान गर्ने उत्साहबाट यो संस्था बनाएको हो । व्यवसायलाई सुरक्षित र मर्यादित बनाउदै गुण्स्तिरीय सेवा प्रदान गर्ने हाम्रो उदेश्य प्राप्तीका लागि यो संस्था क्रियाशिल छ ।

**थाहामा पर्यटन प्रवर्द्धनको सम्भावान कस्तो देख्नु भएको छ ?**

हाम्रो देशको पर्यटन विकास हुन नसकेको मुख्य विषय यहि प्रश्नको उत्तरमा छ । जसरी शिक्षकले विद्यार्थी सँगको अन्तरसम्बादबाट उसको सिकाईको अवस्था पहिचान गरि विद्यार्थीको क्षमता बढाउछ त्यसै गरि होटल व्यावसायी पर्यटकसँगको घुलमिलबाट उनीहरूको रूची बुझ्न सक्छन र रूची अनुसार खुसी बनाउने उपाय सोच्छदन । तर यो कुरा होटलको गाँस बाससँग मात्र सिमित हुन्छ । तर आनन्दित हुन हिडेको पर्यटकको ईच्छा आंकाक्षा धेरै हुन्छन । जुन पुरा गर्न गर्नु पर्ने कुरा राज्यको निकाय सँग अधिकार हुन्छ तर व्यावसायीलाई थाहा हुन्छ । राज्य व्यावसायी सँग छलफल गरेर पर्यटनका योजना बनाउन र अगाडी बढ्न तयार नभए सम्म पर्यटनमा देखिने सुधार हुन्न । थाहामा पनि यस्तै समस्या छन् । अपार स्रोतको धनी थाहामा पर्यटनका क्षेत्रमा योजनाबद्ध काम नहुँदा यो क्षेत्र अलमलिएको छ । थाहाको अहिलेको पर्यटन होटल व्यावसायीले मात्र धानेको अवस्था छ । राज्यको उपस्थिति कमजोर छ । केहि भौतिक निर्माणमा बजेट खर्च देखाएरमात्र पर्यटनको विकास हुँदैन । थाहा नगर प्राकिृत सुन्दरतासँगै ऐतिहासिक पुरातात्विक महत्वका मठ मन्दिर, चैत्य गुम्बा, विभिन्न जात-जातीको पहिचान, वन वनस्पतीको अध्ययन केन्द्र हित जल जमिन र पहाड हिमालमा सम्भव हुने खेल क्रिडा सँगै रक क्लाईम्बिङ्ग, बन्जी र पाराग्लाईडिङ्गको सम्भावना रहेको ठाँउ हो । यी सबै यहाँ हुँदा यता लाग्न हामी नसक्नु हाम्रो कमजोरी हो । सम्भावान अथाहा छ तर चिन्न जान्न बुझ्न र उपयोग गर्न ढिला भयो । पहिचान हामीले गरेका छौं । राज्यको निकायले ध्यान दियोस सहयोग गरोस दामन दार्जेलिङ्ग बन्छ, दार्जेलिङ्ग घुम्न दामन आउछन, चित्लाङ्ग चिनारी बन्छ, टिस्टुङ्गको ईतिहास पढिन्छ आग्रा पहिचान बन्छ । अनि कसल रोक्न सक्छ थाहानगरको समृद्धी ।

थाहाका धार्मिक स्थालको संरक्षण र प्रचार प्रसार गरे मात्र पुग्छ । कुन्छाल, बज्रबाराही चित्लाङ्गको ऐतिहाँसिकता मौलिकताको जगेर्ना गरे मात्र पुग्छ । दामनको वनस्पती उद्यान र वागवानी केन्द्रलाई बहुउपयोगी बनाउन सके मात्र वन वनस्पतीको विश्व अध्ययन केन्द्र बन्छ । टिस्टुङ्ग र आग्रामा रक क्लाईम्बिङ्ग,पाराग्लाईडीङ्ग र बञ्जी केन्द्र बनाउन सके मान्छे आईरिन्छन् ।

**राज्यले पर्यटनलाई प्राथमिकतामा राखेको छ तर तपाई राज्यको उपस्थिती भएन भन्नु हुन्छ ? के गर्नु पऱ्यो र ?**

राज्यको नारामा र भाषणमा भएको पर्यटन व्यवहारमा आए विश्व नेपाल घुम्न आउथ्यो । यो मैले किन भने अचम्म लाग्ला तर मैले हाम्रो अनुभवले पाएको हिम्मतलाई विश्वासमा बदली भनेको हो । सन् २०१८ मा पर्यटन दिवस मनाउदै गर्दा राज्यले ठमेल, पोखरा, सौराहा र दामनलाई पर्यटकिय गन्तब्यका रूपमा विकास गर्ने भनियो तर त्यो नारामै सिमित भयो । एउटा ठाँउ एउटा पहाड राता रात पुर्वाधारले दार्जेलिङ्ग बनाईयो हामी घुम्न जान्छौ तर हजारौ ठाँउ र सयौ पहाड भएका हामी दार्जेलिङ्ग हेरेर बस्छौ । बुझ्नुस हाम्रो अवस्था ।

**के कस्तो पुर्वाधारको विकास हुनु पऱ्यो र ?**

पूर्वाधार भनेको हामीलाई घर बनाईदेउ भनेको होईन । थाहानगरको पर्यटन कति चुनौति छर्लङ्ग छ । काठमाडौ र तराईबाट नजिक भएको पर्यटकिय क्षेत्र तर पुग्ने बाटो सधैं जिर्ण हुन्छ । ६५ कि.मी. को यात्रा ४/५ घण्टा लाग्छ घुम्न आएका मान्छे टाउको समाउदै हिड्नु पर्ने बाध्यता छ । काठमाडौबाट नगर आउन छोटो बाटो चित्लाङ चन्द्रगिरी सडक भनिय पनि राज्यको प्राथमिकतामा नपर्दा व्यावसायी र स्थानिय मिली खबरदारी गरि बनाईहेको अवस्था छ । बाटो बनाउन हामी लाग्नु पर्ने अवस्थाले के चित्रण गर्छ सजिलै बुझ्न सकिन्छ । नगरमा बिजुली नियमित छ । २/४ पटक झ्याप्प झ्याप्प नगएको दिन हुन्न कहिले त लगातार २/४ दिन आउदैन । नगरका ग्रामिण सडक हिलाम्मे र धुलाम्मे हुन्छन् । यी पुर्वाधार राज्यको दायित्व हुन् भनेको मैले ।

सम्भावना अथाहा छ जुन पहिचान गर्ने हैन पहिल्याउने हो । दामन सिमभन्ज्याङ्ग क्षेत्रमा जग्गाको समस्या टुङ्ग्याई व्यावसायको सुनिश्चितता भए कायापलट हुन्छ । -धन्यवाद


समयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा


जन्म दर्ता बालबालिकाको नैसर्जिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

**बजारमा वस्तु तथा सेवाको मूल्य र गुणस्तरमा शंका लागेमा बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सहायक प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहका निरीक्षण अधिकृतलाई जानकारी गराऔं, स्वच्छ बजार सञ्चालनमा मद्दत पुऱ्याऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

*उपभोग्य वस्तु खरिद गर्दा*
*उपभोग्य मिति*
*हेरेर मात्र खरिद गरौं ।*
– विकास खबरपत्रिका

## कण्डम




- कण्डम गर्भान्तरको लागि पुरुषले प्रयोग गर्ने परिवार नियोजनको एक मात्र अस्थायी साधन हो । यो प्रत्येक पटक यौन सम्पर्क गर्दा सहि तरिकाले प्रयोग गर्नुपछ ।
- घर भन्दा बाहिर कामकाज गर्ने व्यक्ति घर फर्कदा अनिच्छित गर्भ रहनबाट रोक्न कन्डम एक सरल उपाय हो ।
- यसले गर्भ निरोध र एच. आई.भी तथा यौन रोगको संक्रमणबाट पनि बचाउछ । कण्डमले दोहोरो सुरक्षा प्रदान गर्छ ।
- यो प्रयोग गरिसकेपछि उचित ठाउँमा व्यवस्थापन गर्नुपर्छ ।
- नजिकको स्वास्थ्य संस्था साथै आफ्नो वडाको महिला स्वास्थ्य स्वयंमसेविकाबाट पनि निःशुल्क उपलब्ध हुन्छ ।
- यदि यौन सम्पर्कको बेला कण्डम फुटेमा चाडो भन्दा चाडो १२० घण्टाभित्र आकस्मिक गर्भ निरोधकको उपाय अपनाउनु पर्छ ।

**थाहा नगरपालिका**
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

## परिवार नियोजन



- पहिलो बच्चा ढिलो पाउन
- कम्तीमा ३ बर्ष जन्मान्तर राख्न (बच्चा पाएको ४५ दिन भित्र शुरुवात)
- लामो समय गर्भ रोक्न
- सन्तानको रहर पुगेपछि

### १. अस्थायी साधनहरू

**१.१ आई.यू.सी.डि (कपर टि) :**
- आई.यू.सी.डि महिलाले प्रयोग गर्ने लामो अबधिको अस्थायी साधन हो । यो पाठेघरमा राखिन्छ । एकपटक राखेपछि यसले १२ वर्षसम्म गर्भ रहन दिदैन ।

**१.२ ईम्प्लाण्ट :**
- ईम्प्लाण्ट महिलाको पाखुरामा राखिने परिवार नियोजनको अस्थायी साधन हो । यसले एक पटक लगाएपछि ५ बर्ष सम्म गर्भ रहन दिदैन ।


**१.३ डिपो (३ महिने) सुई :**
- यो सुई लगाएपछि ३ महिना सम्म गर्भ रहन दिदैन ।

**१.४ खान चक्का (पिल्स) :**
- गर्भधारणबाट पूणरुपमा सुरक्षित रहनका लागि महिलाले प्रत्येक दिन नबिराई खाने चक्की (पिल्स) को सेवन गर्नुपर्छ ।

**थाहा नगरपालिका**
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

## NOVEL CORONA VIRUS (nCOV)
### सर्बसाधारणका लागि जनचेतनामुलक संदेश

### नोवेल कोरोनाभाइरसका मुख्य लक्षणहरू



ज्वरो (१००.४°F भन्दा माथि)

श्वास प्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

*"कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा आत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

### नोवेल कोरोनाभाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

- नियमित रूपमा साबुन-पानीले हात धुने
- खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने
- यदि फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने
- फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने
- जंगली तथा घरेलु पशुपन्छी हरूसँग असुरक्षित सम्पर्कबाट टाढा रहने
- पशुजन्य मासु/अन्डा राम्रोसंग पाकेको मात्र खाने

**नोवेल कोरोना भाइरस भनेको के हो?**
यो नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिले पहिचान भएको थिएन। यस भाइरसले मानिस र पशुहरूमा संक्रमण गर्दछ । यस भाइरसले सामान्य रुघा खोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वास Severe Acute Respiratory Syndrome (SARS) सम्म गराउन सक्दछ ।

**के मानिसमा जनावरहरूबाट नोवेल कोरोना भाइरस संक्रमित हुन सक्दछ?**
नोवेल कोरोना भाइरस जनावरबाट मानिसमा संक्रमित भएको कुनै बैज्ञानिक आधार हाल छैन।

**के नोवेल कोरोना भाइरस र SARS एउटै हुन्?**
सन् २००३ मा देखिएको SARS र नोवेल कोरोना भाइरस एउटै प्रजातिका भाइरस हुन्। दुवै भाइरसले बिरामीलाई गम्भीर बनाउन सक्दछन्। सबैभन्दा महत्त्वपूर्ण कुरा, नोवेल कोरोना भाइरस मानिसहरू बीच सजिलै सर्न सक्दछ भनेर अझै पुष्टी भएको छैन।

**मानिस कसरी यो भाइरसबाट संक्रमित हुन सक्छ?**
मानिस कसरी यो भाइरसबाट संक्रमित भएका छन् भन्ने बारेमा आज सम्म बैज्ञानिक तवरले पुष्टी भएको छैन। हाल यस बिषयमा अनुसन्धान भइरहेको छ।

**के यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्दछ?**
अहिले निश्चितताका साथ भन्न सकिने अवस्था छैन। एउटै परिवारका सदस्यहरू बिरामी भएको पाइएकोले, मानव-मानव बीचमा सिमित तवरले सर्ने सम्भावना रहेको अनुमान गरिएको छ। साथै, परिवारका सदस्यहरू एकै स्रोतबाट संक्रमण भएको हुन सक्ने सम्भावना पनि रहेको छ।

**यस भाइरसको संक्रमणबाट कसरी बच्न सकिन्छ?**
सामान्यतः यस भाइरसको संक्रमण कसरी हुन्छ भन्ने बारेमा एकिन जानकारी छैन। तथापि रुघा, खोकी तथा श्वास प्रश्वासका बिरामीको नजिक नजाने तथा हातको सरसफाई नियमित गरेमा संक्रमणको सम्भावना कम रहन्छ।

**के कोरोना भाइरसको लागि उपचार छ?**
नोवेल कोरोना भाइरसले गर्दा हुने रोगको लागि कुनै खास उपचार छैन। यद्यपि यो भाइरसले निम्त्याएका धेरै लक्षणहरूको उपचार गर्न सकिन्छ, त्यसैले बिरामीको उपचार लक्षणको आधारमा गरिन्छ। साथै यस भाइरसको विरुद्ध हाललाई कुनै खोप उपलब्ध छैन।

**थाहा नगरपालिका**
**नगर कार्यपालिका कार्यालय, स्वास्थ्य शाखा, इन्द्रायणी चौर, मकवानपुर**

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी